# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ८, संख्याः ९, कार्तिक २७ गते, २०८१ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

# व्यास नगर प्रज्ञा प्रतिष्ठान सञ्चालन कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत/प्रमाणीकरण मितिः २०८१।७।२६

**प्रस्तावना** : व्यास नगरपालिकाको भाषा, साहित्य, कला, संस्कृति र ललितकलाको संरक्षण गर्न, परम्परागत मूर्त एवं अमूर्त साँस्कृतिक सम्पदाहरुको व्यवस्थापन गर्न प्रचलित कानुन विरुद्धका कुरीति तथा कुसंस्कार विरुद्ध सामाजिक अभियान सम्बन्धी कार्य सञ्चालन गर्न व्यास नगर प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ को दफा २४ र व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमिति गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाबाट यो कार्यविधि बनाई जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "व्यास नगर प्रज्ञा प्रतिष्ठान सञ्चालन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

(३) यो कार्यविधिको कार्यक्षेत्र व्यास नगरपालिका भित्र रहनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "प्रज्ञा प्रतिष्ठान" भन्नाले यस कार्यविधि बमोजिम स्थापना भएको भाषा, कला, साहित्य, संस्कृतिलाई संरक्षण, सम्वर्द्धन, उन्नयन गर्ने प्रतिष्ठान सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले व्यास नगर प्रज्ञा प्रतिष्ठान ऐन २०७९ सम्झनुपर्छ ।

(ग) "कुलपति" भन्नाले व्यास नगरपालिकाका प्रमुख सम्झनुपर्छ ।

(घ) "सहकुलपति" भन्नाले व्यास नगरपालिकाका उपप्रमुख सम्झनुपर्छ ।

(ङ) "उपकुलपति" भन्नाले प्रतिष्ठानको अध्यक्ष सम्झनुपर्छ ।

(च) "सभा" भन्नाले ऐनको दफा ७ बमोजिम गठित प्रज्ञा सभा सम्झनुपर्छ ।

(छ) “परिषद्” भन्नाले ऐनको दफा ८ बमोजिमको प्रज्ञा परिषद् सम्झनुपर्छ ।

(ज) “नगरपालिका” भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।

(झ) “कार्यपालिका” भन्नाले व्यास नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(ञ) “भाषा” भन्नाले नेपाली भाषा लगायत व्यास नगरपालिका भित्र बोलिने स्थानीय भाषा सम्झनुपर्छ ।

(ट) “कला” भन्नाले चित्रकला, मूर्तिकला, लोककला, हस्तकला, शिल्प कला, वास्तुकला लगायतका अन्य सृजनात्मक ललितकला सम्झनुपर्छ ।

(ठ) “साहित्य” भन्नाले राष्ट्रका हरेक भाषा साहित्यका गद्य, पद्यमा सृजित विविध विधाका साहित्य लगायत लिखित एवं मौखिक लोक साहित्य सम्झनुपर्छ ।

(ड) “संस्कृति” भन्नाले नेपाली एवं स्थानीय संस्कृतिका विविध पक्ष सम्झनुपर्छ ।

(ढ) “पदाधिकारी” भन्नाले प्रतिष्ठानका पदाधिकारी तथा सदस्य सम्झनुपर्छ ।

(ण) “प्रमुख” भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(त) “सचिव” भन्नाले प्रतिष्ठानका सचिव सम्झनुपर्छ ।

## परिच्छेद २
## प्रतिष्ठानको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. **प्रतिष्ठानको स्थापना** : (१) यस नगरपालिका क्षेत्रका मौलिक भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, सम्बर्द्धन तथा सर्वाङ्गीण विकास गर्ने काम समेतका लागि प्रतिष्ठान ऐन अनुसार एक व्यास नगर प्रज्ञा प्रतिष्ठान स्थापना गरिनेछ ।

(२) प्रतिष्ठानको कार्यालय व्यास नगरपालिकाको कार्यालयमा वा नगरपालिकाले तोकेको स्थानमा रहनेछ ।

४. **प्रतिष्ठानको काम, कर्तव्य र अधिकार** : व्यास नगर प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकिार ऐनको दफा ५ मा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ३
## सभा र परिषद्

५. **व्यास नगर प्रज्ञा प्रतिष्ठानको संरचना** : व्यास नगर पज्ञा प्रतिष्ठानको संरचना ऐनको दफा ६ मा उल्लेख भए बमोजिम प्राज्ञ सभा र प्राज्ञ परिषद् रहनेछ ।

६. **प्राज्ञ सभा गठनको कार्यविधि** : (१) प्रज्ञा प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा ३५ सदस्यीय एक प्राज्ञ सभा हुनेछ । ऐनको दफा ७ (२) बमोजिम प्राज्ञ सभाको गठन हुनेछ ।

(२) प्राज्ञ सभामा निम्न तीन प्रकारका पदाधिकारी सदस्य रहनेछन् :

(क) पदेन -नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सामाजिक विकास समिति संयोजक, शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख, प्राज्ञ सभाका कुलपति, सहकुलपति, सदस्यहरु र सदस्य सचिव समेत ५ जना पदेन रहने छन् ।

(ख) कार्यपालिकाले मनोनयन गरेका कार्यपालिका सदस्यहरु मध्येबाट दुई जना सदस्य ।

(ग) उद्देश्य प्राप्तिमा सहयोग पुर्‍याउने विभिन्न विधाका व्यक्तिहरु मध्ये सिफारिस समितिबाट सिफारिस भएपछि २८ जना कार्यपालिकाले सभा सदस्य मनोनयन गर्नेछ । यसरी सिफारिस गर्दा बढीमा पैतीस जनासम्म सिफारिस गर्न सकिने छ ।

(३) सूचना प्रकाशित गर्नुपर्ने : दफा ६ (२) (ग) बमोजिमका सदस्यहरु सिफारिस गर्दा सिफारिस समितिले न्यूनतम पन्ध्र दिने सूचना प्रकाशित गरी इच्छुक व्यक्तिहरुबाट दरखास्त आव्हान गर्नुपर्नेछ । आवश्यक संख्या नपुगेमा पुनः सात दिने सूचना जारी गरिने छ । त्यसपछि पनि संख्या नपुगेमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(४) प्राज्ञ सभाको काम, कर्तव्य र अधिकार प्रतिष्ठान ऐनको दफा ७ (५) बमोजिम रहनेछ ।

(५) प्राज्ञ सभाको बैठक सामान्यतः वर्षको २ पटक बस्नेछ । बैठक बस्नु अघि बैठक बस्ने स्थान, मिति, समय र छलफलको कार्यसूची सहितको सदस्यहरुलाई कम्तिमा सात दिन पहिले दिनुपर्नेछ ।

(६) बैठक सम्बन्धी अन्य कार्यविधि प्रतिष्ठान ऐनको दफा ७ (७), (८), (९), (१०) र (११) बमोजिम हुनेछ ।

(७) उपदफा (२) बमोजिम मनोनित सदस्यहरुको पदावधि चार वर्षको हुनेछ ।

**७. प्राज्ञ परिषद गठनको कार्यविधिः** (१) प्रज्ञा प्रतिष्ठानको कार्यकारी निकायको रुपमा काम गर्न एक प्राज्ञ परिषद् रहनेछ ।

(२) परिषदको गठन देहाय बमोजिम हुनेछ :

(क) उपकुलपति -अध्यक्ष

(ख) सभाका मनोनित सदस्यहरु मध्येबाट कम्तिमा एक जना महिला सहित सम्भव भएसम्म विभिन्न जातजाति, भाषाभाषीको प्रतिनिधित्व हुने गरी नगर प्रमुखबाट मनोनित ३ जना -सदस्य

(ग) शिक्षा शाखा प्रमुख -सदस्य सचिव

८. **परिषद्को बैठक :** (१) परिषद्को बैठक महिनामा सामान्यतया १ पटक बस्नेछ ।

(२) परिषद्को बैठक कार्यकारिणी समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्का सदस्य सचिवले सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) परिषद्मा तत्काल कायम रहेका सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा प्रज्ञा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछन् ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा परिषद्मा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछन् ।

(७) परिषद्को बैठकको निर्णय अध्यक्षद्वारा प्रमाणित गराई सदस्य सचिवले सुरक्षित गरी राख्नेछन् ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद्ले निर्णय गरे बमोजिम हुनेछ ।

(९) परिषद्बाट आवश्यक समिति, उपसमिति गठन गर्न सकिने छ ।

(१०) परिषद्ले कोषको आधारमा उद्देश्य प्राप्तिमा लागि रकम बाँडफाँड गरी नगरपालिकाबाट स्वीकृति गराउनुपर्नेछ ।

**परिच्छेद ४**

## पदाधिकारी एवं सदस्यहरुको काम, कर्तव्य र अधिकार

९. **कुलपति** : (१) प्रज्ञा प्रतिष्ठानको कुलपति नगरपालिकाका प्रमुख हुनेछन् ।

(२) कुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सभाको बैठकको अध्यक्षता गर्ने,

(ख) सभाले दिएको निर्देशन र सभाले गरेको निर्णयको कार्यान्वयन गर्ने गराउने,

(ग) प्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट, प्रतिवेदन तथा अन्य प्रतिवेदन तयार गर्न लगाउने ।

(घ) संघीय सरकार, प्रदेश सरकार तथा विदेशी संस्थासँग सम्बन्धित विषयमा आवश्यक सम्पर्क गर्ने,

(ङ) तोकिए बमोजिमको अन्य काम गर्ने,

१०. **सहकुलपति** : (१) प्रज्ञा प्रतिष्ठानका सहकुलपति नगरपालिकाका उपप्रमुख रहने छन् ।

(२) सहकुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) कुलपतिको अनुपस्थितिमा सभाको बैठकको अध्यक्षता गर्ने,

(ख) सभाले गरेको निर्णयको कार्यान्वयनमा कुलपतिलाई सहयोग गर्ने,

(ग) कुलपतिको निर्देशनमा अन्य काम गर्ने,

(घ) तोकिए बमोजिमको अन्य काम गर्ने ।

११. **उपकुलपति** : (१) उपकुलपति प्रज्ञा प्रतिष्ठानको प्रमुख पदाधिकारी हुने छन् ।

(२) उपकुलपतिको नियुक्ति : ऐन बमोजिम गठित प्रज्ञा सभाका सदस्यहरु मध्येबाट उपकुलपति कार्यपालिकाले नियुक्ति गर्नेछ ।

(३) उपकुलपतिको काम, कर्तव्य र अधिकार : उपकुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सभाले दिएको निर्देशन र परिषद्ले गरेका निर्णयको कार्यान्वयन गर्ने, गराउने,

(ख) वार्षिक कार्यक्रम, बजेट, कार्यक्रमहरु : प्रगति प्रतिवेदन तयार गर्ने गराउने,

(ग) स्वदेशी तथा विदेशी संघ, संस्थाहरुसँग प्रज्ञा प्रतिष्ठानको कामसँग सम्बन्धित विषयमा सम्पर्क, समन्वय गर्ने र गराउने,

(घ) तोकिए बमोजिमका काम गर्ने ।

१२. **प्राज्ञ परिषद् सदस्य** : (१) प्रज्ञा प्रतिष्ठानको काम कारबाहीलाई व्यविस्थत ढंगले सञ्चालन गर्न ऐनको दफा ८ (२) बमोजिम गठित प्राज्ञ परिषद् सदस्यहरुको काम, कर्तव्य र अधिकार सभा वा परिषद्ले तोके बमोजिम हुनेछ ।

१३. **सदस्य सचिव** : (१) प्रज्ञा प्रतिष्ठानको काम कारबाहीलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न नगरपालिकाको शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख सदस्य सचिव हुनेछन् ।

(२) सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) कुलपति र उपकुलपतिको परामर्शमा सभा वा परिषद्को बैठक आव्हान गर्ने,

(ख) बैठकमा भएका निर्णयहरुको अभिलेखीकरण गर्ने,

(ग) प्रतिष्ठानका सम्पत्तिको अभिलेख राखी संरक्षण गर्ने,

(घ) प्राज्ञ सभा र परिषद्ले तोकेका अन्य कार्यहरु गर्ने ।

१४. **पदबाट हटाउन सक्ने** : (१) प्रतिष्ठानका उपकुलपति, सभा तथा परिषद्का सदस्यले यस कार्यविधिको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक काम नगरेको वा निजमा कार्य क्षमताको अभाव भएको कारण देखाई सभामा तत्काल कायम रहेका कम्तीमा एक चौथाई सदस्यले कुलपति समक्ष लिखित निवेदन दिएमा कुलपतिबाट तीन सदस्यीय एक छानबिन समिति गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको छानबिन समितिले सो सम्बन्धनमा छानबिन गरी आफ्नो प्रतिवेदन कुलपति समक्ष प्रस्तुत गर्नेछ । कुलपतिले त्यस्तो प्रस्ताव छलफलका लागि सभा समक्ष राख्ने व्यवस्था गर्नेछन् ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनका सम्बन्धमा सभामा छलफल हुँदा सभाको बहुमत सदस्यले सभा वा परिषद्का सदस्यले यस कार्यविधिको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक काम नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको भनी निर्णय गरेमा कुलपतिले त्यस्तो सभा वा परिषद्का सदस्यलाई पदबाट हटाउने छ ।

(४) पदबाट हटाउनु अघि न्यूनतम सात दिनको लिखित स्पष्टीकरण मागी सफाईको मौका दिनुपर्नेछ ।

१५. **सचिवालय** : (१) प्रतिष्ठानको सचिवालय नगरपालिका मुख्य कार्यालयमा वा कार्यपालिकाले तोकेको स्थानमा रहनेछ ।

(२) प्रज्ञा प्रतिष्ठानको सम्पर्क/समन्वय शाखाको रुपमा शैक्षिक प्रशासन शाखा रहनेछ ।

(३) प्रतिष्ठानको वार्षिक प्रतिवेदन यसै शाखा मार्फत नगरपालिकामा पेश हुनेछ ।

(४) सचिवालयमा प्रतिष्ठानका सदस्य सचिव र आवश्यकता अनुसार अन्य कर्मचारीहरू रहन सक्ने छन् ।

१६. **सेवा, शर्त र सुविधा** : (१) प्रतिष्ठानको सभा वा बैठकमा नियमानुसारको बैठक भत्ता उपस्थित पदाधिकारी सदस्यहरुलाई उपलब्ध गराइनेछ ।

(२) प्रतिष्ठानका उपकुलपति र सदस्यलाई निम्नानुसारको मासिक सञ्चार सुविधा उपलब्ध गराइने छ ।

(क) उपकुलपतिलाई मासिक रु.५,०००। (पाँच हजार),
(ख) परिषद्का सदस्यहरुलाई मासिक रु.३,०००। (तीन हजार,
(ग) अन्य सुविधा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ५
## कोष तथा लेखापरीक्षण

१७. **कोष** : (१) प्रतिष्ठानको एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् :

(क) नगरपालिकाबाट प्राप्त रकम,
(ख) नेपाल सरकारबाट प्राप्त रकम,
(ग) प्रदेश सरकारबाट प्राप्त रकम,
(घ) विदेशी सरकार, संघ संस्था वा विदेशी व्यक्तिबाट प्राप्त रकम,
(ङ) स्वदेशी संघ संस्था तथा व्यक्तिबाट प्राप्त रकम,
(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नु अघि प्रतिष्ठानले नेपाल सरकार/प्रदेश सरकारबाट स्वीकृति लिनुपर्नेछ ।

(४) कोषको रकम प्रतिष्ठानद्वारा मान्यता प्राप्त बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(६) प्रतिष्ठानको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

**१८.** **लेखा र लेखा परीक्षण** : प्रतिष्ठानको आय-व्ययको लेखा परीक्षण नगरपालिकाबाट हुनेछ ।

## परिच्छेद ६
## विविध

**१९.** **बाधा अड्काउ फुकाउ** : यस कार्यविधि बमोजिम बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

**२०.** **खारेजी** : व्यास नगर प्रज्ञा प्रतिष्ठान सञ्चालन कार्यविधि २०७८ खारेज गरिएको छ र सो कार्यविधिले गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले<br>
काशी राम गैरे<br>
प्रमुख प्रशासकीय अधिकृत